PennState Health
Rehabilitation Hospital

# वित्तीय सहयोग नीतिको सरल भाषामा सारांश

पेन स्टेट हेल्थ रिहेबिलिटेसन हस्पिटल (Penn State Health Rehabilitation Hospital) ले भुक्तानी गर्न नसक्ने बिरामीहरूलाई चिकित्सकीय रूपमा आवश्यक स्याहारका लागि वित्तीय सहयोग उपलब्ध गराउँछ। तल पेन स्टेट हेल्थ रिहेबिलिटेसन हस्पिटलमा उपलब्ध हुने वित्तीय सहयोगको सारांश दिइएको छ।

प्रस्तावित वित्तीय सहयोग- चिकित्सकीय रूपमा आवश्यक सेवाहरूका लागि वित्तीय सहयोग परिवारको आय, परिवारको आकार र सम्पत्तिहरूमा आधारित हुन्छ। योग्य स्याहारमा Medicare द्वारा परिभाषित गरिएका चिकित्सकीय रूपमा आवश्यक सेवाहरू (रोग वा चोटपटकको निदान वा उपचारका लागि उचित तथा आवश्यक सेवा वा वस्तुहरू) पर्दछन्।

यदि तपाईंको परिवारको आय सङ्घीय गरिबी आयसम्बन्धी निर्देशिकाहरूको 300% भन्दा बढी हुँदैन भने तपाईंले नि:शुल्क स्याहार प्राप्त गर्नुहुन्छ वा बीमाले भुक्तानी गरिसकेपछि बिरामीको दायित्वलाई 100% अपलेखन (दायित्वबाट हटाउने) गरिनेछ। Medicaid कभरेजका लागि सबै आवेदकहरूको स्क्रिनिङ गरिनेछ र आवेदकहरूले वित्तीय सहयोगका लागि योग्य भए, नभएको भनेर विचार गरिनका लागि Medicaid का प्रतिनिधित्वहरूसँग अनिवार्य रूपमा सहकार्य गर्नुपर्छ।

योग्य हुनका लागि थप तरिकाहरू- यदि तपाईंले माथिको आयसम्बन्धी मापदण्डहरूलाई पूरा गर्नुहुन्न भने तपाईंको बीमाको स्थिति जेजस्तो भएतापनि तपाईंलाई वित्तीय सहयोगका लागि केसको स्थितिअनुसार विचार गरिनेछ। असाधारण व्यक्तिगत वा वित्तीय परिस्थितिहरू वा पेन स्टेट हेल्थ रिहेबिलिटेसन हस्पिटलका मेडिकल स्टाफद्वारा मात्र उपचार उपलब्ध गराउन सकिने विशेष चिकित्सकीय परिस्थितिहरू छन् कि भन्ने बारेमा छलफल गर्न हामीलाई सम्पर्क गर्नुहोस्।

तपाईंलाई कति शुल्क लगाइनेछ- यदि तपाईंले हाम्रो नीतिअन्तर्गत वित्तीय सहयोग प्राप्त गर्नुहुन्छ भने तपाईंलाई चिकित्सकीय रूपमा आवश्यक स्याहारका लागि हामीले साधारणतया Medicare कभरेज भएका बिरामीहरूलाई लगाउने शुल्कभन्दा बढी शुल्क लगाइनेछैन।

हाम्रो नीति र आवेदनका प्रतिहरू कसरी प्राप्त गर्ने- तपाईंले निम्नमध्ये कुनै पनि तरिकाहरू प्रयोग गरेर हाम्रो पूर्ण वित्तीय सहयोग नीति, सरल भाषामा सारांश र आवेदन फारामको प्रति नि:शुल्क प्राप्त गर्न सक्नुहुन्छ: (1) पेन स्टेट हेल्थ रिहेबिलिटेसन हस्पिटलको वेबसाइट www.psh-rehab.com मा, (2) हाम्रो भर्ना क्षेत्रमा वा (3) हाम्रो सेन्ट्रल बिजनेस अफिसलाई (888)868-1103 मा फोन गरेर।

सहयोगका लागि कसरी आवेदन दिने र कसरी सहयोग प्राप्त गर्ने- आवेदन भरेर तथा बुझाएर र आयसम्बन्धी जानकारी उपलब्ध गराएर तपाईंले भर्ना वा बिल तयार गर्ने प्रक्रियाको कुनै पनि समयमा आवेदन दिन सक्नुहुनेछ। आफै आएर, अनलाइन, हुलाक वा कसैमार्फत भरिएर बुझाइएका सबै वित्तीय सहयोग आवेदनहरूलाई मूल्याङ्कन तथा अगाडिका प्रक्रियाहरूका लागि सेन्ट्रल बिजनेस अफिसमा पठाइनेछ। यदि तपाईंलाई आवेदन दिनमा कुनै पनि मद्दत आवश्यक पर्छ भने हाम्रा सेवास्थलमा रहेका भर्ना विभागलाई सम्पर्क गर्नुहोस् वा सेन्ट्रल बिजनेस अफिसलाई (888)868-1103 मा फोन गर्नुहोस्।